सिद्धलेक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बुङ्चुङ, धादिङ

बागमती प्रदेश, नेपाल

पत्र संख्या : २०७८/०७९

चलानी नं. :-

## कृषि विकास कार्यक्रममा सहभागी हुन प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७८/०७/११

यस सिद्धलेक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कृषि विकास शाखाको आ.व. २०७८/०७९ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार मसलाबाली उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्ने लक्ष्य रहेकोले प्याज र लसुन को उत्पादन पकेट श्रेत्र विस्तार गर्नुपर्ने भएकोले उक्त कार्यक्रममा सहभागी हुन ईच्छुक कृषक समुह/कृषि सहकारी/ कृषि फार्महरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन(मिति २०७८/०७/२५ गते सम्म) भित्र प्रस्ताव माग गर्न यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र लागत साझेदारी गर्ने प्रतिवद्धता पत्रका साथ आवश्यक कागजातहरु संलग्न गरी सिद्धलेक गाउँपालिकाको कृषि विकास शाखामा पेश गर्न हुन सूचित गरिन्छ । साथै रित नपुगी पेश हुन आएका प्रस्तावहरु छनौट प्रकृयामा समावेश नगरिने व्यहोरा जानकारी गराईन्छ ।

| क्र.सं. | सञ्चालन हुने कार्यक्रमको नाम | लक्ष्य | परिमाण | कार्यक्रम सञ्चालन क्षेत्र | लाभग्राहीहरुले गर्नुपर्ने/व्यहोर्नुपर्ने |
|---|---|---|---|---|---|
| १. | प्याज उत्पादन प्रवर्द्धन कार्यक्रम | ५ | हेक्टर | यस गाउँपालिकाको ७ वटै वडामा | प्रतिरोपनी ५०० ग्राम बीउ लाग्नेछ र बीउको परिमाणमा ५०% लागत व्यहोर्नुपर्ने |
| २. | लसुन उत्पादन प्रवर्द्धन कार्यक्रम | २.५ | हेक्टर | यस गाउँपालिकाको ७ वटै वडामा | प्रतिरोपनी २५ के.जी. बीउ लाग्नेछ र बीउको परिमाणमा ५०% लागत व्यहोर्नुपर्ने |
| ३. | मौरी घार वितरण(पकेट कार्यक्रम) | २०० | गोटा | यस गाउँपालिकाको ७ वटै वडामा | समुह/सहकारी/फार्महरुको ५०% लागत साझेदारी |

**संलग्न कागजातहरु**

१. रु. १०।- को हुलाक टिकट टाँस गरी कार्यक्रम प्रस्ताव सहितको निवेदन पेश गर्नुपर्ने ।

२. सबै समुह/सहकारीका कृषक लाभग्राहीहरुले कम्तिमा २ रोपनी क्षेत्रफलमा प्याज लगाउनुपर्नेछ साथै सामुहिक खेती गर्ने समुह/सहकारीहरुलाई पहिलो प्राथमिकता दिइनेछ ।

३. कृषक समुह /कृषि सहकारी/ नीजि कृषि फार्महरुको हकमा संस्था दर्ता प्रमाण-पत्र तथा नवीकरण प्रमाण पत्र /करचुक्ताको प्रमाण पत्र प्रतिलिपी

४. कार्यक्रम माग सम्बन्धी संस्थाको निर्णय प्रतिलिपी

५. कार्यक्रममा संलग्न लाभग्राहीहरुको नागरिकता र लालपूर्जाको को प्रमाणित प्रतिलिपी

६. कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता पत्र

६. वडा कार्यालयको सिफारिस

२०७८/७/११

...................

नरेन्द्र ...

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ :**

श्री सूचना प्रविधि शाखा - वेभसाईटमा अपलोड गरीदिनु हुन ।

Scanned with CamScanner